*नाम: डिल्लीराज जोशी*
*पद: प्रमुख*
*प्रमाणिकरण मिति: २०८०/०९/०१*

# अमरगढी नगरपालिकाको

# आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०

## नगर विपद् व्यवस्थापन समिति

## अमरगढी नगरपालिका

## डडेल्धुरा

## २०८०

**आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना**

**नगर विपद् व्यवस्थापन समिति**

**अमरगढी नगरपालिका**

**डडेल्धुरा**

---

विषय सूची

खण्ड १: नगरपालिकाको संक्षिप्त परिचय ........ 4
खण्ड २: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कानूनी तथा नीतिगत पृष्ठभूमि ........ 5
खण्ड ३: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य तथा योजना तर्जुमा प्रकिया ........ 7
खण्ड ४: अमरगढी नगरपालिकामा आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरु र सम्भावित हानी नोक्सानी ........ 10
खण्ड ५: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्षमता तथा आवश्यकता विश्लेषण ........ 14
खण्ड ६: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कार्य योजना ........ 20
खण्ड ७: योजना कार्यान्वयन तथा मुल्याङ्कन एवं योजना अद्यावधिक कार्य ........ 33
अनुसूची १: आपत्कालीन संपर्क नम्वर ........ **Error! Bookmark not defined.**


*नाम: डिल्लीराज जोशी*
*पद: प्रमुख*
*प्रमाणिकरण मिति: २०८०/०९/०1*

# अमरगढी नगरपालिकाको
# आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०

## खण्ड १: नगरपालिकाको संक्षिप्त परिचय

नेपालको सुदूरपश्चिम प्रदेश अन्तरगत डडेल्धुरा जिल्लाको मध्य पहाडीक्षेत्रमा रहेको अमरगढी नगरपालिका जिल्लाको व्यापारिक, प्रशासकीय, ऐतिहासिक तथा पर्यटकीय केन्द्रबिन्दु हो । यस नगरपालिकाको क्षेत्रफल जम्मा १३८.९५ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिका समुन्द्री सतहबाट १,८४८ मिटरको उचाइसम्म रहेको छ र यहाँ ११ वटा वडाहरु रहेका छन् । यहाँको हावापानी समशितोष्ण र शितोष्ण प्रकृतिको रहेको छ ।

२०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस नगरपालिमा ६,१८२ परिवारहरु बसोबास गर्छन् । जनगणना अनुसार नगरपालिकाको जम्मा जनसङ्ख्या २४,१४९ रहेको छ जस अनुसारमहिला तथा पूरुषको जनसङ्ख्या क्रमशः १२,३३९ र ११,८१० रहेको छ ।जिल्लाको परशुराम नगरपालिका बाहेक अन्य स्थानीय तहमा ऋणात्मक जनसङ्ख्या वृद्धिदर अभिलेखिकरण भएपनि यस नगरपालिको वार्षिक जनसङ्ख्या वृद्धिदर १.२३ प्रतिशत र जनघनत्व पनि अन्य स्थानीय तहभन्दा माथि रहेको (प्रति वर्ग किलोमिटर १७३) अवस्थामा यस नगरपालिकाको रणनीतिक तथा प्रशासकीय महत्व पुष्टि हुन्छ । **चित्र नं १** मा अमरगढी नरपालिकोको नक्सा दिइएको छ ।




चित्र नं १: अमरगढी नगरपालिकाको नक्सा

पहाडी भूआकृति रहेको यस नगरपालिकामा न्यूनतम २ देखि अधिकतम ३० डिग्री सेन्टिग्रेड तापक्रम मापन गरिएको छ ।

## खण्ड २: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कानूनी तथा नीतिगत पृष्ठभूमि



राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा

(National Disaster Response Framework)


नेपाल सरकार

गृह मन्त्रालय

वैशाख २०७०



जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४








**चित्र नं २: योजना तर्जुमा गर्ने क्रममा उपयोग गरिएका सादर्भिक कानूनी तथा नीतिगत व्यवस्थाहरु**

अमरगढी नगरपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना नेपाल सरकारको विपद् व्यवस्थापन सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्धता, सङ्घीय कानून तथा नीतिगत व्यवस्था, प्रादेशिक कानून तथा नीतिहरु र नगरपालिकाको विद्यमान कानून तथा नीति एवं प्राथमिकतामा आधारित रहेको छ । यस योजना तर्जुमा को पृष्ठभूमी विद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा उल्लेख भएका प्रावधानहरुलाई संक्षिप्त रुपमा **तालिका नं १** मा प्रस्तुत गरिएको छ ।

**तालिका नं १: अमरगढी नगरपालिको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत आधारहरु**

| | | |
|---|---|---|
| अन्तराष्ट्रिय प्रतिबद्धता | विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०) | सङ्घ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद्बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण सम्बन्धी प्राथमिकता उल्लेख गरिएको । |
| सङ्घीय व्यवस्था | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६६ | तत्कालीन कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रहेर नेपाल सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन मार्फत् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी प्रक्रिया तोकिएको । |
| | नेपालको संविधान, २०७२ | अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको । |
| | | अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा विपद् व्यवस्थापनलाई साझा अधिकारको सूचीमा राखिएको । |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशो, २०७५) | सङ्घदेखि प्रदेश तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकिएको । |
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी गर्नुपर्ने कार्यहरू समावेश गरिएको । |
| | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संसोधन, २०७५) | विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र विपद् प्रतिकार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउने सम्बन्धी व्यवस्थाहरु समावेश |

| | | |
|---|---|---|
| | | गरिएको । |
| | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०), २०७५ | विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उथ्थानशील राष्ट्रको निर्माण गर्ने लक्ष्य निर्धारण गरी नीतिगत तथा रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएको । |
| प्रादेशिक व्यवस्था | प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनसँग सम्बन्धित नेपाल सरकारको अन्तराष्ट्रिय प्रतिबद्धता एवं सङ्घीय कानून अनुसार प्रदेश स्तरमा कानूनी प्रावधानहरु तय गरिएको । |
| | प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ | विपद् व्यवस्थापन एवं राहत वितरण सम्बन्धमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र जिम्मेवारी तोकिएको र राहत वितरण सम्बन्धी परिमाणात्मक व्यवस्था गरिएको । |
| | प्रदेश विपद् प्रतिकार्य ढाँचा, २०७९ (मस्यौदा) | विपद्पूर्व, विपद्को समयमा र विपद्पछि प्रभावकारी तथा समन्यात्मक ढंगले प्रतिकार्य गर्नको लागि आवश्यक दिशानिर्देश प्रस्ताव गरिएको । |
| स्थानीय व्यवस्था | अमरगढी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ | स्थानीय रुपमा विपद् जोखिम न्यूनीकरणको लागि नगर विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिको प्रावधान राख्दै काम, कर्तव्य र अधिकार तोकेको, सुरक्षा निकाय तथा अन्य निकायको परिचालन र विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था गरेको र अन्य प्रावधान उल्लेख गरेको। |
| | अमरगढी नगरपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि ऐनमा तोकिएको विपद् व्यववस्थापन कोषको स्थापना, प्रयोग र परिचालन, आम्दानीको श्रोत सम्बन्धी व्यवस्था गरेको । |

## खण्ड ३: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य तथा योजना तर्जुमा प्रकिया

### भूमिका

नेपाल सरकार, गृह मन्त्रालयद्धारा २०७२ सालमा प्रकाशित विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावलीमा परिभाषित गरिए अनुसार विपद्जन्य आपत्कालीन अवस्था वा सङ्कट भन्नाले त्यस्तो त्रासपूर्ण अवस्थालाई जनाउँछ जतिबेला जनधनको रक्षाको लागि तत्काल कदम चालिनु अपरिहार्य हुन्छ । प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यले प्रकोपको घटनालाई वृहत विपद्को घटनामा परिणत हुनबाट रोक्दछ र विपद्को असर कम गर्छ । आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाले आपत्कालीन अवस्थाका आवश्यकता पूरा गर्न नगरपालिका स्तरीय सरकारी, गैरसरकारी, स्वयंसेवी र निजी क्षेत्रलाई विस्तृत र संयोजित रुपले सहभागी गराउन मार्गनिर्देशन प्रदान गर्छ ।

### लक्ष्य

- आपत्कालीन अवस्थालाई प्रभावकारी र समन्वयतात्मक रुपमा व्यवस्थापन गर्नसक्षम बनाउने ।

**उद्धेश्य**

- आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोप र आपत्कालीन जोखिम सामना गर्ने क्षमता विश्लेषण गर्ने
- आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि विद्यमान संरचनाहरु अनुसार जिम्मेवारी स्पष्ट पार्ने ।
- पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित प्राथमिक र सामाजिक रुपमा समावेशी प्रकृतिका क्रियाकलापहरु कार्यान्वयन गर्ने ।
- आपत्कालीन अवस्थामा गर्नुपर्ने पूर्वतयारी र प्रतिकार्यसँग सम्बन्धित कार्य सञ्चालन विधि तय गर्ने ।

**सीमा**


सङ्घीय, प्रादेशिक तथा स्थानीय कानून एवं नीतिगत व्यवस्था अनुसार अमरगढी नगरपालिकाले विपद् व्यवस्थापन चक्रका सबै चरणहरु समावेश गरी स्थानीय विपद् तथा जलवायु उथ्थानशील योजना, जोखिम सम्वेदनशील भू–उपयोग योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जस्ता नीतिगत व्यवस्था गर्नुपर्ने भए पनि यस योजना आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यमा मात्र केन्द्रित रहेको छ । पूर्वतयारी तथा प्रतिकार्यले समेट्ने क्षेत्र **तालिका नं २** अनुसार परिभाषित गरिएको छ ।

**तालिका नं २: पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी औपचारिक परिभाषा**

| | |
|---|---|
| **पूर्वतयारी** | सम्भावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, पेशागत/व्यवसायिक प्रतिकार्य तथा पुनर्लाभ संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता । |
| **प्रतिकार्य** | विपद् घटना भइरहेको बेला र तत्काल घटना पश्चात् मानिसको जीवनरक्षा गर्न, मानव स्वास्थ्यमा पर्न सक्ने असरहरूलाई न्यून गर्न र आम नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन एवं प्रभावित व्यक्ति वा समुदायका लागि आधारभूत आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था सुनिश्चित गर्ने आपत्कालीन सेवाहरू र सार्वजनिक सहायताका व्यवस्थाहरू ।<br><br>विपद् प्रतिकार्य मूलतः तत्काल एवं अल्पकालीन आवश्यकताहरूमा केन्द्रित रहन्छ । कहिलेकाहिँ यसलाई "विपद् राहत" पनि भनिन्छ । |
| | **श्रोत:विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावली, गृह मन्त्रालय, नेपाल सरकार, बिसं २०७२** |

**योजना तर्जुमा प्रक्रियाः**

योजना तर्जुमा प्रक्रियालाई **चित्र नं ३**द्वारा प्रस्तुत गरिएको छ ।




**चित्र नं ३: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी प्रक्रिया**

पुनरावलोकन गरिएका कानूनी तथा नीतिगित व्यवस्था तालिका नं १ मा प्रस्तुत गरिएको छ । योजना तर्जुमा गर्ने क्रममा नगरपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा, वन, वातावरण तथा विपद् समितिका संयोजक, विपद् सम्पर्क व्यक्ति, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य सङ्घ, प्रदेश मन्त्रालयहरु, गैर सरकारी संस्था, अपाङ्गता भएका व्यक्ति, तथा प्रदेशमा राष्ट्र सङ्घीय निकायका प्रतिनिधिसँग परामर्श गरी पृष्ठपोषण लिइएको थियो ।

यसका साथै नगरपालिका स्तरीय सरोकारवालाहरुसँग गोष्ठी आयोजना गरी यस योजना तर्जुमा सम्बन्धी संयुक्त रुपमा राय सुझाव लिइएको थियो ।

## खण्ड ४: अमरगढी नगरपालिकामा आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरु र सम्भावित हानी नोक्सानी

### ४.१ सुदुर पश्चिम प्रदेशमा घटेका प्रकोपका घटना र डडेल्धुरा जिल्लाको अवस्था

२०७९ सालमा युएनडिपीको सहयोगमा भूकम्पको सम्भावित प्रभाव विश्लेषण सम्बन्धी अनुसन्धानबाट उपलब्ध भएका सुदुरपश्चिम प्रदेश र डडेल्धुरा जिल्लामा विगत ११ वर्ष (बि.सं २०६८ देखि २०७८ सम्म) भएका प्रकोपका घटनाको सङ्ख्या, किसिम, मानवीय क्षति, हराइरहेका व्यक्ति एवं घाइतेको सङ्ख्या, निजी घरको क्षति, संक्षिप्त रुपमा निम्नानुसार दिइएको छ ।

- सुदूरपश्चिम प्रदेशका जिल्लाहरुमा घटेका विपद्का जम्मा २,१२९ घटनाहरुमध्ये ७ प्रतिशतभन्दा बढी घटनाहरु (१५० वटा) डडेल्धुरा जिल्लामा घटेका थिए ।
- प्रदेशमा घटेका घटनाहरुमा आगलागी, चट्याङ्ग, वर्षा तथा बाढी, पहिरो हावाहुरी, बन्यजन्तु आतङ्क, महामारी, आदि थिए र यी घटनाहरुबाट १११ महिला समेत जम्मा २३८ जनाको मृत्यु भएको थियो जसमा १५ जना डडेल्धुरा जिल्लाका थिए ।
- यस अवधिमा जम्मा १०३ जना हराइरहेको अवस्थामा रहेकोमा डडेल्धुरा जिल्लाका ४ जना समावेश थिए ।
- यस अवधिमा जम्मा घाइते ९७३ जनामध्ये ६६ जना डडेल्धुराका थिए ।
- यी घटनाहरुबाट आँशिक तथा पूर्ण रुपमा ५,४३५ घरहरुमा क्षति पुगेको मध्ये १९३ वटा घरहरु डडेल्धुराका थिए ।

### ४.२ अमरगढी नगरपालिकालाई प्रभाव पार्ने प्राथमिक प्रकोपहरु

जिल्ला स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक मस्यौदा, २०७७) र २०७९सालमा युएनडिपीको सहयोगमा भूकम्पको सम्भावित प्रभाव विश्लेषण सम्बन्धी अनुसन्धान एवं यस योजना तर्जुमा गर्न भएका सरोकारवालाहरुसँगको छलफल एवं नगरपालिकाका सबै वडाबाट प्राप्त विवरणलाई आधार मान्दा अमरगढी नगरपालिकामा आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरु यस प्रकार रहेका छन् ।

- भूकम्प
- पहिरो
- आगलागी
- चट्याङ्ग
- बाढी
- महामारी
- असिना
- खडेरी र
- बन्यजन्तु आतङ्क

भूकम्पका घटनाहरुबाट अमरगढीमा अझसम्म व्यापक क्षति परेको नदेखिएपनि नेपाल भूकम्पकीय क्षेत्रमा रहेको र विगतका केही वर्षमा नेपालको पश्चिम क्षेत्र र डडेल्धुरामा समेत वारम्वार भूकम्पका साना ठूला कम्पनहरु अनुभव गरिएको तथा भौगर्विक अध्ययन तथा विगतका भूकम्पका घटनाहरुलाई आधार मान्दा यस क्षेत्रमा भूकम्पको सम्भावना देखिने कारणले भूकम्पलाई आपत्कालीन अवस्था निम्त्याउन सक्ने पहिलो प्रकोपको रुपमा राखिएको हो ।

भौगोलिक अवस्थाका कारण यस नगरपालिकामा पहिरो र बाढीका तथा चट्याङ्गका घटनाहरु नियमित रुपमा घट्ने र यसबाट जनधनको क्षति भैरहेको कारणले पनि यी प्राथमिक प्रकोपको रुपमा राखिएको छ ।

नगरपालिका क्षेत्रमा र विशेष गरी शहरी क्षेत्रमा आगलागीका घटनाहरु भएको र त्यसबाट जनधनको क्षति पनि भएको हुँदा आगलागीलाई आपत्कालीन अवस्था निम्त्याउन सक्ने अर्को प्राथमिक प्रकोपको रुपमा राखिएको हो । यसै गरी २०७६ सालबाट शुरु भएको कोरोना महामारी (कोभिड १९) ले संसारभर, नेपालमा र अमरगढी नगरपालिका क्षेत्रमा पनि मानवीय क्षति गरेको र यसको जोखिम विद्यमान रहेको अवस्थालाई ध्यान दिंदै महामारीलाई पनि आपत्कालीन अवस्था निम्त्याउन सक्ने अर्को प्रकोपको रुपमा राखिएको हो । यसका साथै असिना, खडेरी र बन्यजन्तु आतङ्कले पार्ने क्षतिलाई आधार मानी यी प्रकोप पनि अभिलेख गरिएका छन् ।


## ४.३ विपद्बाट भएको र हुन सक्ने क्षति तथा नोक्सानी

नेपाल सरकारको गृह मन्त्रालयबाट प्रारम्भ गरिएको र हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समन्वय गरिएको विपद् सूचना व्यवस्थापन प्रणाली विपद् पोर्टल ( https://bipadportal.gov.np) मा नगरपालिकामा २०७५ देखि २०७८ भएका विपद्का घटना र त्यसबाट भएको क्षति सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

- जम्मा विपद्का घटनाको सङ्ख्याः १५
- प्रकोप अनुसार विपद्का घटनाको सङ्ख्याः
    - आगलागीः ९
    - पहिरोः ३
    - बाढी तथा अत्याधिक वर्षाः २
    - चट्याङ्गः १
- विपद्बाट भएका मृतकको सङ्ख्याः १(२०७५ सालमा चट्याङ्गबाट )
- साल अनुसार आर्थिक क्षति (रुपैया)
    - २०७५: ६० लाख २० हजार
    - २०७६: १० लाख१०हजार

माथिको विवरण हेर्दा नगरपालिका स्तरमा घटेका सबै घटना र त्यसबाट भएको आर्थिक क्षतिको पूर्ण रुपमा अभिलेखीकरण भएको देखिंदैन । उदाहरणका लागि सबै प्रकोपका घटना १५ देखिएपनि वार्षिक रुपमा यस भन्दा बढी घटना हुने गरेका छन् । आगामी दिनहरुमा सबै विपद्का घटनाको सङ्ख्या र त्यसबाट भएको मानवीय तथा आर्थिक क्षतिको विवरणस्थानीय आपत्कालीन कार्य सञ्चानलन केन्द्रमा एकत्रित गर्न आवश्यक देखिन्छ ।

भूकम्पीय प्रकोप विश्लेषणका विधिहरुको प्रयोग र बेलायतको दुर्हाम विश्वविद्यालयले गरेको अध्ययनलाई आधार मानी २०७९ सालमा युएनडिपीले गरेको अनुसन्धानले अमरगढी नगरपालिका भूकम्पको दृष्टिकोणले जोखिममा रहेको देखिन्छ । भूकम्पबाट अमरगढीमा हुन सक्ने क्षति आंकलन गर्न सन् १५०५ को पश्चिम नेपालको ८.४ रेक्टर स्केल र सन् १९३४ को बिहार नेपालको ८.४ रेक्टर स्केलको भूकम्पलाई एउटा आधार र बि. सं. २०७२ को ७.८ रेक्टर स्केलको गोर्खा भूकम्पलाई अर्को आधार मानिएको विश्लेषणले नगर क्षेत्रमा हुन सक्ने क्षति यस अध्ययनमा औंल्याइएको छ । पहिलो आधारबाट हुन सक्ने क्षति लेखाजोखा गर्न भूकम्पको केन्द्रबिन्दु पश्चिम नेपालको मध्य क्षेत्रमा अनुमान गरिएको छ । दोस्रो आधारबाट हुन सक्ने क्षति लेखाजोखा गर्न भूकम्पको केन्द्रबिन्दु पश्चिम रुकुम क्षेत्रमा अनुमान गरिएको छ । **चित्र नं ३** मा पहिलो र दोस्रो आधार अनुसार भूकम्पको केन्द्रबिन्दु देखाइएको छ ।




**चित्र नं ३: भूकम्पको पहिलो र दोस्रो आधारको सम्भावित केन्द्रबिन्दु**

यस अध्ययन अनुसार पछिल्लो जनगणना अनुसार क्षतिमा केही फरक पर्न सक्ने भएपनि २०६८ को जनगणनालाई आधार मानी अमरगढी नगरपालिकाको भूकम्पका सम्भावित आधारहरु अनुसारको क्षति **तालिका नं ३** मा उल्लेख भएअनुसार प्रक्षेपण गरिएको छ ।

**तालिका नं ३: पहिलो तथा दोस्रो आधारमा भूकम्पबाट हुन सक्ने हानी नोक्सानी भार**

| **क्षति विवरण** | **पहिलो आधार** | **दोस्रो आधार** |
|---|---|---|
| क्षति हुने भवनको संख्या | ६८२ | १९ |
| मानवीय क्षति | | |
| *रातको समयमा* | १९५ | ६ |
| *बिदा नभएको दिनको समयमा* | १३७ | ४ |
| *बिदाको दिनमा* | ७९ | २ |
| घाइतेको संख्या | | |
| *रातको समयमा* | १,१४७ | ६८ |
| *बिदा नभएको दिनको समयमा* | ८०९ | ४८ |
| *बिदाको दिनमा* | १,१४७ | ६८ |

## ४.४ आपत्कालीन अवस्थामा बढी प्रभावित हुने जोखिममा रहेका र सङ्कटासन्न समूह

आपत्कालीन अवस्थामा महिला वा पूरुष, आर्थिक रुपले सम्पन्न वा बिपन्न, बालबालिका वा ज्येष्ठ नागरिक, अपाङ्गता भएका वा नभएका व्यक्ति, वहुसङ्ख्यक वा अल्पसङ्ख्यक समूह सबै प्रभावित हुन्छन् । तर पनि यी समूहरुमा सबैलाई एकै स्तरको प्रभाव भने पर्दैन । हरेक आपत्कालीन अवस्थामा पुरुषभन्दा महिला, बालक भन्दा बालिका बढी प्रभावित हुन्छन् । उमेर, अपाङ्गता, लैङ्गिक तथा यौनिक पहिचान, जात, जातियता तथा धर्मका कारण आपत्कालीन अवस्थामा बढी प्रभाव पर्न सक्छ । महिला, एकल महिला, महिला घरमुली भएका परिवार, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, लैङ्गिक तथा यौनिक  अल्पसङ्ख्यक, विपन्न वर्गका समुदाय, आदि बढी जोखिममा र सङ्कटासन्न अवस्थामा रहन्छन् ।

## खण्ड ५: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्षमतातथा आवश्यकता विश्लेषण

आपत्कालीन अवस्थामा जनधनको क्षति कम गर्न विभिन्न प्रकारका आवश्यक कानूनी, नीतिगत, संरचनागत, अभ्यासात्मक तथा अन्य कुराहरुको प्रावधान भै कार्यान्वयन भएको हुनुपर्छ । **आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी** अमरगढी नगरपालिकाको क्षमतालाई बस्तुगत रुपमा तलको **तालिका नं ४**मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी अमरगढी नगरपालिकाको क्षमतातथा आवश्यकता विश्लेषण**

| क्षमताको क्षेत्र | विवरण |
|---|---|
| जनप्रतिनिधि तथा कर्मचारीहरुबीच आपत्कालीन अवस्था निम्त्याउने प्रकोप, प्रकोप लेखाजोखा र विपद् व्यवस्थापन एवं भूमिका माथि अभिमुखिकरण | विभिन्न सहयोगी सङ्घ संस्थाले आयोजना गर्ने तालिम तथा गोष्ठीको क्रममा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा नगर एवं वडा स्तरीय विपद् व्यवस्थापन समिति एवं कार्यपालिका सदस्यहरुलाई आधारभूत अभिमुखिकरण गरिएको हुँदा यस सम्बन्धी कार्य आरम्भ भएको छ । यद्यपि, तालिम वा अभिमुखिकरणलाई नियमित रुपमा व्यवस्थापन गर्न नसकिएको हुँदा आवश्यक तालिम तथा सिकाइको व्यवस्था हुनुपर्ने देखिएको छ । |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नियमित तथ्याङ्क सङ्कलन | नगरपालिकामा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना भए पश्चात् प्रकोप तथा विपद्का घटना र क्षतिको विवरण सङ्कलन गर्ने प्रयास भएको छ । स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट प्रकोपको घटना सम्बन्धी विवरण जिल्ला, प्रदेश स्तरीय र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउने गरिएको छ । यस अभ्यासलाई निरन्तरता दिँदै तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिकता, उमेर, जातजाती, अपाङ्गता, आदि पक्षहरुलाई आधार मानी खण्डीकृत सूचना सङ्कलन गर्न आवश्यक देखिन्छ । |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नक्साङ्कन तथा पहुँचयोग्य प्रचार प्रसार | गैर सरकारी सङ्घ संस्थाका परियोजनाहरुले आफ्नो कार्यक्रम कार्यान्वयन गर्ने क्रममा केही वडाको प्रकोप नक्साङ्कन गरेका छन् । हाल युएनडिपीको कार्यक्रम अन्तरगत सबै वडाहरुको प्रकोप नक्साङ्कन गर्ने कार्यहरु भएका छन् । यद्यपि सहयोगी संस्थाको कार्यक्रम सञ्चालन हुने वडा बाहेक अन्य वडामा प्रकोप नक्साङ्कन सम्बन्धी प्रचार प्रसार गर्न आवश्यक देखिएको छ । सबै वडाको प्रकोपको नक्सा तयार भएपछि सार्वजनिक स्थलहरु (जस्तै चोक, नगर तथा वडा कार्यालय, विद्यालय, अस्पताल, बस पार्क, आदि) मा यी नक्साहरु राखी सबैलाई जानाकारी दिनु आवश्यक हुन्छ । यसका साथै यस प्रकारको सूचना पहुँचयोग्य बनाउन जरुरी हुन्छ । उदाहरणको लागि दृष्टिविहिन तथा ज्येष्ठ नागरिकहरुले पनि प्रकोपको नक्साङ्कनमा उल्लेख भएका सूचनाहरु प्राप्त गर्ने व्यवस्था गरिएको हुनु पर्छ । |
| प्रकोप पात्रो अनुसार आपत्कालीन पूर्वतयारी सम्बन्धी पहुँचयोग्य | विभिन्न प्रकोपहरु वारे जनचेतना अभिवृद्धि गर्न सन्देशहरु स्थानीय एफएम रेडियोबाट प्रचार प्रसार गर्ने अभ्यास रहेको छ । वढी जोखिममा रहेका क्षेत्रमा वडा स्तरीय विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाल रेडक्रस सोसाइटी तथा अन्य सङ्घ संस्थाको |

| | |
|---|---|
| सन्देशहरुको प्रचार प्रसार तथा जनचेतना कार्यक्रम | सहयोगमा जनचेतनामुलक कार्यक्रमहरु पनि सञ्चालन गर्ने अभ्यास रहेको छ । तर सबै वडा तथा बस्तीहरु समेट्न सकिएको छैन । यसका साथै सबै सङ्कटासन्न तथा जोखिममा रहेका समूहलाई लाभ पुग्ने गरी प्रकोप सम्बन्धी सन्देशहरु तयार गर्ने र प्रचार प्रसार गर्ने कार्यमा जोड दिनुपर्ने देखिएको छ । |
| मौसम पूर्वानुमान सम्बन्धी सूचनाको पहुँच तथा प्रचार प्रसार | जल तथा मौसम विज्ञान विभागले मौसम सम्बन्धी उपलब्ध गराएको पूर्वानुमान जानाकारी समयमा नै समुदायमा सम्प्रेषण गर्ने गरिएको देखिँदैन । तसर्थ समुदायमा र विशेष गरी सङकटासन्न र जोखिममा परेका व्यक्तिहरुले मौसम सम्बन्धी जानाकारी नियमित रुपमा प्राप्त गर्ने सम्बन्धी कार्यहरु गर्न आवश्यक देखिएको छ । |
| आपत्कालनि अवस्थामा संरक्षण सम्बन्धी बुझाई | विभिन्न शाखाका कर्मचारीहरुमा विकासका नियमित कार्यक्रममा र आपत्कालीन अवस्थामा संरक्षण सम्बन्धी आधारभूत बुझाई रहेको छ । अन्य विषयगत शाखाका कर्मचारीहरु तथा जनप्रतिनिधिलाई पनि आपत्कालीन अवस्थामा संरक्षण सम्बन्धी सवालहरुको (यौन हिंसा तथा दुव्यवहार) वारेमा साधारण जानाकारी रहेको छ । तर पनि आपत्कालीन अवस्थामा यौन शोषण तथा दुर्व्यवहारबाट बालबालिका लगायत सबै मानिसहरूको उमेर, लैङ्गिकता, योग्यता, संस्कृति, जात/जातीयता, उद्‌गम, धार्मिक आस्था, यौन पहिचान, वा अन्य व्यक्तिगत विशेषताहरू जेजस्तो भएपनि, उनीहरू सबैको संरक्षण पाउने अधिकार समान छन् भन्ने विषयमा अझ धेरै निर्देशिका, मार्गदर्शन तथा तालिम आयोजना गर्न उपयुक्त देखिन्छ ।आपत्कालीन पूर्वतयारी र प्रतिकार्यका चरणहरूमा, सम्भावित यौन शोषण तथा दुर्व्यवहारका जोखिमहरू कम गर्न, रोकथाम र जवाफदेहिताका लागि पर्याप्त र प्रभावकारी संयन्त्रहरू विकास गर्न एवं पूर्वतयारी तथा प्रतिकार्यको क्रममा संरक्षणसँग केन्द्रित भएर अनुगमन गर्ने कायलाई जोड दिनुपनर्ने देखिएको छ । |
| स्वयंसेवक परिचालन तथा स्वयंसेवी संस्थाको क्षमता अभिवृद्धि | आपत्कालनि अवस्थामा सबैभन्दा पहिले प्रतिकार्यमा खटिने भनेका समुदायका सदस्यहरु नै भएकोले समुदायमा रहेका स्वयंसेवी संस्थाहरु जस्तै युवाक्लब, टोल विकास समिति, गुठी, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका वा अन्य स्वयंसेवी सङ्घसँस्थाको परिचालन गर्ने सम्बन्धी तयारीहरु आवश्यक हुन्छन् । नगरपालिकामा विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्नुपर्ने देखिन्छ । युएनडिपी तथा रेडक्रस जस्ता संस्थाका परियोजना मार्फत् केही वडामा स्वयंसेवकहरुलाई तालिम पनि प्रदान गरिएको हुँदा विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन गर्ने र स्वयंसेवकहरुलाई लेखाजोखा, प्राथमिक उपचार, आगलागी नियन्त्रण, आदि विषयमा क्षमता अभिवृद्धि गर्नेतर्फ प्राथमिकता दिनुपर्ने देखिएको छ । |
| प्रकोप, विपद् तथा आपत्कालीन अवस्थासँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | नगरपालिकाले प्रकोप, विपद् तथा आपत्कालीन अवस्थासँग सम्बन्धित विभिन्न कानून तथा नीतिहरु तर्जुमा गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन लागू भएको, विपद् व्यवस्थापन कोषको स्थापना तथा त्यस सम्बन्धी परिचालन कार्यविधि स्वीकृत भएको, आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना एवं नगर स्तरीय राहत मापदण्ड पनि तर्जुमा हुने क्रममा रहेका छन् । यी कानूनी तथा नीतिहरुमा आम नगरवासीका साथसाथै सङ्कटासन्न तथा जोखिममा रहेका समूहको प्राथमिकताहरु पनि उल्लेख गरिएका छन् । यसका साथै भवन निर्माण मापदण्ड पनि पालना गर्ने प्रयास भएको छ । यद्यपि तर्जुमा गरिएका कानून, निर्देशिका तथा मापदण्ड एवं योजनालाई |

| | |
|---|---|
| | कार्यान्वयन गर्न आवश्यक देखिएको छ र यस क्रममा सङ्कटासन्न तथा जोखिममा रहेका समूहका आवश्यकताहरुलाई कार्यान्वयन गर्न विशेष प्रयास गर्नुपर्ने देखिन्छ । उदाहरणको लागि नगर वा वडा स्तरीय विपद् व्यवस्थापन समितिले तोकेका सदस्यमा सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्ति वा समूहका प्रतिनिधि समावेश गर्न तर्फ ध्यान दिनुपर्छ ।<br><br>यसका साथै खोज तथा उद्धार सम्बन्धी मार्गदर्शन, आपत्कालीन अवस्थामा भग्नावशेष व्यवस्थापन निर्देशिका, जोखिम सम्बेदनशील भू-उपयोग योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना जस्ता नीतिगत व्यवस्था पनि गर्न आवश्यक देखिएको छ । जिल्ला स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग सामञ्जस्यता हुने गरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पनि तर्जुमा गर्नुपर्ने हुन्छ । विपद् तथा आपत्कालीन व्यवस्थापन कार्यमा विभिन्न संस्थागत संरचना भएपनि यी निकाय बीचको सम्बन्ध तथा जिम्मेवारीहरु स्पष्ट गर्ने कर्यलाई पनि प्राथमिकताका राख्नु पर्छ । यस योजनामा त्यस सम्बन्धी सांगठनात्मक व्यवस्था उल्लेख गरिएको छ । |
| आपत्कालीन अवस्थाको व्यवस्थापनसँग सम्बन्धित आवश्यक समितिहरुको गठन तथा परिचालन | नगरपालिकामा नगर प्रमुखको संयोजकत्वमा नगर विपद् व्यवस्थापन समिति र वडा अध्यक्षहरुको संयोजकत्वमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । यसका साथै कार्यपालिकामा पनि वातावरण तथा विपद् व्यवस्थापन समित गठन गरिएको छ । यी समितिहरुको बैठक आपत्कालीन अवस्थामा धेरै र तथर्त रुपमां कानून, नीति र योजना तर्जुमा गर्ने क्रममा मात्र बस्ने भएकोले यी समितिहरुको नियमति रुपमा बैठक गराई आपत्कालीन अवस्थासँग सम्बन्धित छलफल गराउने र तोकिएको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रहेर जिम्मेवारीहरु निभाउने प्रयासको आवश्यकता देखिएको छ । |
| वार्षिक नीति तथा कार्यक्रममा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यक्रम र वजेट व्यवस्था | आपत्कालीन कोषको स्थापना भएको र आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको वारेमा सञ्चार सामाग्रीको प्रचार प्रसार शुरु भएको, बारुण यन्त्रको परिचालन गरिएको, विपद् व्यवस्थापन हेर्ने सम्पर्क व्यक्ति तोकिएको, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी परिचालन गरिएको जस्ता कार्यहरु प्रारम्भ भएको अवस्थामा वार्षिक नीति तथा कार्यक्रममा थप कार्यहरु समावेश गर्ने र वजेट विनियोजन गर्ने काममा अझ अग्रगामी प्रयासको आवश्यकता देखिन्छ । |
| नगरपालिकाका विषयगत शाखा र सघन सेवा प्रदायकहरुमा विपद् व्यवस्थापन सम्बन्धी जिम्मेवारीहरुको स्पष्टता | विपद् पश्चात् नगरपालिकाका विषयगत शाखाका कर्मचारीहरु प्रतिकार्यमा खटिने गरेका छन् । यद्यपि पूर्वतयारीमा यी विषयगत शाखाहरुलाई थप परिचालनको आवश्यकता देखिएको छ । यसका साथै नगर क्षेत्रमा रहेका अस्पताल तथा विद्यालयमा पनि आपत्कालीन अवस्थाको व्यवस्थापन गर्न विशेष समिति वा कार्यटोली गठन गर्न सकिएको छैन । आपत्कालीन अवस्थामा घाइतेहरुको व्यवस्थापन गर्न, स्वास्थ्यसँग सम्बन्धित रिफरल सेवाहरु प्रवाह गर्न, विद्यालयमा अस्थायी शैक्षिक विधिहरु अप्नाउने सम्बन्धी आपत्कालीन शिक्षा प्रबर्धन गर्न थप तालिम, संस्थागत संरचना तथा कार्यविधि आवश्यक रहेका छन् । |
| विषयगत क्षेत्रमा सहभागिता तथा आपत्कालीन कार्यटोलीको | हालसम्म मानवीय क्षेत्रमा काम गर्ने निकायहरु समावेश गरी तय गरिएका विषयगत क्षेत्रमा नगरपालिकाको सहभागिता न्यून रहेको र नगरपालिकामा कार्यटोलीहरु गठन नभएको अवस्थामा नगरपालिकाले आपत्कालीन अवस्थामा विषयगत क्षेत्र तथा |

| | |
|---|---|
| गठन तथा परिचालन | कार्यटोलीहरुको बैठकहरुमा उपस्थित भई नगरपालिकाले पूर्वतयारी तथा प्रतिकार्यमा गरेका काम, प्रतिकार्यको लागि थप आवश्यकता र समन्वयमा एकद्धार प्रणालीको बारेमा जानाकारी दिनुपर्ने अभ्यासलाई कार्यान्वयन गर्नुपर्ने देखिएको छ । यस क्रममा आपत्कालीन अवस्थामा प्रभावित भएका सबै र सङ्कटासन्न तथा जोखिममा रहेका समूहका विशेष आवश्यकतालाई ध्यान दिनुपर्ने हुन्छ । खोज तथा उद्धार, प्राथमिक उपचार, राहत वितरण, आदिमा सङ्कटासन्न तथा जोखिममा रहेका समूहका सवालहरुको अवस्थामाथि विशेष ध्यान दिई विषयगत क्षेत्रलाई बाधा तथा अवरोध हटाई यी समूहका आवश्यकताहरुलाई ध्यान दिनुपर्ने विषयलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । |
| राहत तथा तत् पश्चात्का मानवीय कार्यमा निजी क्षेत्र तथा गैर सरकारी संस्थाको परिचालन | नगरपालिकाको निजी क्षेत्रको छाता संगठन उद्योग बाणिज्य सङ्घ, राष्ट्र सङ्घीय निकाय, नेपाल रेडक्रस सोसाइटी र अन्य गैर सरकारी निकायसँग समन्वय गरी मानवीय सहायता उपलब्ध गराउने परम्परा भएपनि यी निकायसँग योजनाबद्ध रुपमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने तर्फ उल्लेख्य प्रयासको आवश्यकता रहेको छ । मानवीय सहायता गर्ने संस्था तथा निजी क्षेत्रसँग सहमति गरी आपत्कालीन अवस्थामा सबैको भूमिका स्पष्ट पार्नु पर्ने देखिएको छ । उद्योग वाणिज्य सङ्घ सँगको समन्वयमा राहत वितरणको लागि वजारमा भएको खाद्यान्न तथा गैर खाद्यान्य बस्तुको उपलब्धता एवं सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्तिको आवश्यकता अनुसारका सामाग्री भए नभएको लेखाजोखा गर्न आवश्यक देखिन्छ । यसका साथै आपत्कालीन अवस्थामा निजी क्षेत्र तथा गैर सरकारी संस्थाको परिचालन सम्बन्धी व्यवस्था गरिनु आवश्यक हुन्छ । |
| सघन सेवा प्रदायक निकाय तथा संरचनामा सबलीकरण तथा पूर्वतयारी | भौतिक संरचनामा सबलीकरण प्रयास प्रारम्भ भएपनि नगर स्तरमा विस्तार गर्न सकिएको छैन । अति महत्वपूर्ण संरचना (विद्यालय, अस्पताल, सामुदायिक भवन, सरकारी सेवा कार्यालयहरु, आदि) मा सबलीकरण कार्य प्रारम्भ भएपनि थोरै क्षेत्र समेटिएकोले सबलीकरणलाई व्यापकता दिनुपर्ने, आगलागी नियन्त्रणको लागि फायर हाइड्रेन्ट, धुवाँको संकेत गर्ने र आगलागी सम्बन्धी जनाऊ दिने उपकरण जडान गर्नुपर्ने, र चट्याङ्गबाट हुने जोखिम नियन्त्रण गर्न भीडभाड हुने क्षेत्रमा एरेस्टरको व्यवस्था गर्ने कार्यमा विशेष प्राथमिकता दिनुपर्ने देखिएको छ । भूकम्पको जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धमा निर्माण व्यवसायीको समन्वयमा मजदुरहरुलाई तालिम गर्नुपर्ने र निर्माण तथा सबलीकरण कार्यमा परिचालन गर्नुपर्ने र निर्माण कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहुँच सम्बन्धी व्यवस्था सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । यसका साथै मनसुन पूर्व नै ढल तथा पानी बग्ने स्थानहरुको सफाइमा पनि विशेष ध्यान दिन आवश्यक रहेको छ । सडक सुरक्षा सुनिश्चित गर्न नगर प्रहरी तथा ट्राफिक प्रहरीको परिचालन गर्न र सडक सुरक्षा सम्बन्धी जनचेतनामुलक कार्यहरु गर्न पनि उत्तिकै आवश्यक देखिएको छ । अमरगढीबाट तराई क्षेत्रमा जाने बैकिल्पक बाटोहरु निर्माण गर्ने र नगरभित्र सुरक्षाको लागि बत्तिहरु जडान गर्ने तर्फ पनि लगानीको आवश्यकता देखिएको छ । |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपसँग सम्बन्धित सरोकारवालाहरुको लगानी बृद्धि | आपत्कालीन अवस्थामा जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विभिन्न निकायको भूमिका भएपनि सबै निकाय तथा सरोकारवालाहरुलाई परिचालन गर्न थप कार्य गर्नु पर्ने देखिएको छ । नगरपालिकाका विषयगत शाखाका प्राथमिकताहरुमा आपत्कालीन अवस्थामा गर्नुपर्ने कार्यहरुको समायोजन, निजी क्षेत्रका एम्बुलेन्सलाई परिचालन गर्ने सम्बन्धी सहमती, निजी क्षेत्रलाई आपत्कालीन अवस्थामा सामाग्रीको आपूर्ति सम्बन्धी |

| | |
|---|---|
| | लेखाजोखा, दातृ निकाय तथा सहयोगी संस्थालाई आपत्कालीन अवस्थामा गर्न सक्ने योगदानको विश्लेषण एवं आगलागी नियन्त्रणको लागि आवश्यक दमकलको व्यवस्था गर्ने तर्फ थप प्रयासहरु आवश्यक देखिएका छन् । |
| पूर्वानुमानका आधारमा अग्रिम रुपमा राहत व्यवस्था | जल तथा मौसम विज्ञान विभागले उपलब्ध गराएको मौसम पूर्वानुमान अनुसार समुदायलाई सम्भावित प्रकोपको वारेमा जानाकारी उपलब्ध गराउने प्रयास नभएकोलेयस तर्फ ध्यान दिनुपर्ने देखिन्छ । पूर्वानुमानका आधारमा अग्रिम रुपमा राहत व्यवस्था गर्नेसम्बन्धी छलफल तथा निर्णय आवश्यक देखिएको छ । |
| जोखिम हस्तान्तरण | जोखिम हस्तान्तरणको लागि बाली बीमा, पशु बीमा, घर (भवन) बीमा र व्यवसाय बीमा लाई प्राथमिकतामा राखेको पाइंदैन । अत, बीमा सम्बन्धी जनचेतना कार्यक्रम र बीमा सम्बन्धी चूनौतिहरुको वारेमा छलफल गरी व्यवधानहरु पहिचान गर्दै र व्यवधानको समाधानका विकल्प खोज्न उपयुक्त देखिएको छ । यसको लागि सरकोकारवालाहरुसँग छलफल तथा सुझाव लिई समुदायलाई मार्गदर्शन दिने तर्फ प्राथमिकता दिन आवश्यक देखिएको छ । |
| आपत्कालीन भण्डारण तथा खरिद व्यवस्था | नगरपालिकामा आपत्कालीन अवस्थामा राहत प्रदान गर्न पर्याप्त क्षेत्र भएको राहत सामाग्री भण्डारण कक्ष रहेको छैन । ठूलो स्तरको विपद्को समयमा राहत सामाग्री भण्डारण गर्न सक्ने अवस्था पनि छैन । आपत्कालीन अवस्थामा खरिद गर्न सक्ने व्यवस्था नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा उल्लेख गरेपनि यस सम्बन्धी प्रक्रिया आवश्यक परेमा लागू गर्नुपर्ने देखिन्छ । अतः आपत्कालीन भण्डारण कक्षको निर्माण तथा खरिद नियम सम्बन्धी व्यवस्थापन गर्न आवश्यक प्रक्रिया प्रारम्भ गर्नु पर्ने देखिएको छ । |
| पहुँचयोग्य निर्माण | नगरपालिकामा बन्दै गरेका संरचनाहरु अपाङ्गता मैत्री बन्नुपर्नेमा कानूनी तथा नीतिहरुमा जोड दिइएको छ । यद्यपि, आपत्कालीन अवस्थामा ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको छलफल तथा राहत सम्बन्धी निर्णय प्रक्रियामा उनीहरुको सहभागिता तथा सुझाव एकिकृत गर्ने तर्फ सङ्कटासन्न तथा जोखिममा परेका समूहसँग छलफल गरी पृष्ठपोषण लिन जरुरी देखिन्छ । |
| खुल्ला स्थानको छनौट, आपत्कालीन सेवा सम्बन्धी लगानी र तत् सम्बन्धी पूर्वतयारी | नगरपालिकामा आपत्कालीन अवस्थामा नगरबासीहरु विस्थापित भएमा अस्थायी रुपमा बस्ने खुल्ला स्थानको गर्ने, पहिचान गरिएको स्थानहरुको थप विश्लेषण गर्ने, आपत्कालीन अवस्थामा विस्थापित हुने स्थानको पुनरावलोकन गर्ने, सुरक्षित स्थानमा पुग्न सुरक्षित तथा पहुँचयोग्य मार्गको पहिचान गर्ने, आपत्कालीन अवस्थामा खुल्ला स्थानमा आवश्यक सेवा सम्बन्धी संरचना तयार गर्ने, आदि कार्यहरुलाई जोड दिनुपर्ने देखिएको छ । |
| आपत्कालीन जिम्मेवारी स्पष्ट पारिएको ढाँचा | नगर तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठक आपत्कालीन अवस्थामा भएपनि नियमित गर्ने विषयमा नगरपालिका प्रतिबद्ध रहेको छ । तर पनि बिद्यमान सबै संरचनाहरुको आधारमा आपत्कालीन अवस्थामा निर्वाह गर्नुपर्ने जिम्मेवारीहरु थप स्पष्ट गर्नु आवश्यक देखिन्छ । आपत्कालीन अवस्थामा आपत्कालीन कार्य सञ्चालन केन्द्रले सचिवालयको भूमिका निर्वाह गर्न उत्तिकै आवश्यक देखिएको छ । |
| सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिको खण्डिकृत सूची | आपत्कालीन अवस्थामा समयमा नै प्रतिकार्य सम्बन्धी कार्य गर्नको लाीग लिङ्ग, उमेर, अपाङ्गता, यौनिक अवस्था तथा आवश्यक मानिएका अन्य पक्षहरुलाई लिएर खण्डीकृत सूचना लिन जरुरी हुन्छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको सूची भएपनि |


| | |
|---|---|
| | आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी काम गर्नको लागि यसरी सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिको खण्डिकृत सूची<br>लिने अभ्यास छैन । यस प्रकारको सूची तयार गर्न सके आपत्कालीन अवस्थामा जोखिममा रहन सक्ने समूह तथा व्यक्तिलाई व्यक्तिगत रुपमा खोज तथा उद्धार, र आवश्यक विशेष राहत उपलब्ध गराउन सकिन्छ । |
| नगरपालिकामा कार्यटोलीको गठन तथा परिचालन | आपत्कालीन अवस्थामा सम्बन्धित शाखा परिचालित भई प्रतिकार्य गर्ने अभ्यास रहेको छ । तर पनि व्यवस्थित रुपमा खानेपानी तथा सरसफाइ, प्राविधिक लेखाजोखा, खरिद, सञ्चार, द्रुत प्रतिकार्य, स्वास्थ्य तथा बारुणयन्त्र कार्यटोली तर्जुमा गरिएका छैनन् । यी कार्यटोलीहरु गठन गरी आवश्यक तालिम समेत दिन सकेमा मात्र आपत्कालीन प्रतिकार्य तथा त्यससँग सम्बन्धित पूर्वतयारी कार्य प्रभावकारी रपमा गर्न सकिनेछ । यसका साथै यी कार्यटोलीमा सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्ति वा समूहका संरक्षण सम्बन्धी सवालहरुलाई ध्यान दिन पूर्वतयारीको रुपमा छलफल तथा सामाग्रीहरुको तयारी गर्न आवश्यक हुन्छ । प्रतिकार्यको दौरानमा लैंङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने, राहत वितरणमा पहुँच सम्बन्धी बाधा अवरोधहरु हटाउने, एवं हिंसा तथा दूव्यवहारहरु हटाउने गरी काम गर्न कार्यटोलीहरु खटिनु पर्ने हुन्छ । |
| विषयगत क्षेत्रहरुसँगको अन्तरक्रिया र विषयगत क्षेत्रका बैठकमा सहभागिता | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा नौ वटा विषयगत क्षेत्रहरु तेकिएका छन् । यी क्षेत्रहरु निम्नानुसार रहेका छन्: सूचना, सञ्चार तथा समन्वय, खोज तथा उद्धार, आपत्कालीन आवास तथा गैर खाद्य सामाग्री, खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन, खाद्य सुरक्षा तथा जीविकोपार्जन, आपत्कालीन शिक्षा, पुनर्स्थापन, पुननिर्माण तथा प्रबन्धगत, संरक्षण र स्वास्थ्य तथा पोषण। यी विषयगत क्षेत्रका बैठकमा नगरपालिकाका कर्मचारीहरु सहभागी हुने अभ्यास ततर्थ रुपमा मात्र हुने गरेको छ । नगरपालिकाका विषयगत शाखाहरु नियमित रुपमा विषयगत क्षेत्रका बैठकहरुमा भाग लिने र आपत्कालीन अवस्थामा नगरपालिकाले गरेका कामहरु तथा आवश्यकताहरुको वारेमा सूचना आदान प्रदान गर्नु पर्ने हुन्छ । यसका साथै विषयगत क्षेत्रमा संरक्षणका सवालहरु सुनिश्चित गर्न मार्गदर्शन दिन पनि आवश्यक हुन्छ । |
| राहत वितरण मापदण्ड र राहतको लागि लाभान्वित वर्गको छनौट प्रक्रिया | कोभिडको समयमा राहत प्रदान गर्न मापदण्ड बनाइएको थियो । तर पनि आम रुपमा आपत्कालीन अवस्थामा राहत वितरण गर्न र लाभान्वित वर्ग छनौट गर्न नगर स्तरीय राहत मापदण्डको अभाव भएको हुँदा यस प्रकारको राहत मापदण्ड स्वीकृत हुने अवस्थामा रहेको छ । |
| आपत्कालीन अवस्थामा प्रयोग हुने सम्पर्क नम्वरको सूची | यस प्रकारको सूची तयार गरिएको छ र यसलाई यस योजनाको अनुसूचीमा समावेश गरिएको छ । प्रतिकार्यको दौरानमा संरक्षण सम्बन्धी घटनाहरुको वारेमा उजुरी गर्ने व्यक्तिहरुको नाम र सम्पर्क नम्वरको व्यवस्था गरी उजुरी गर्नेको गोपनियता तथा सुरक्षाको प्रत्याभूति गर्न आवश्यक हुन्छ । |

## खण्ड ६: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यकार्य योजना

### ६.१ संस्थागत संरचना एवं जिम्मेवारीहरु

आपत्कालीन व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्नको निम्ति आवश्यक संरचना प्रस्ताव गर्दा विद्यमान संरचनाहरु (नगर विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, नगरपालिकाका विषयगत शाखा, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले पहिचान गरेका विषयगत क्षेत्र, जिल्लामा रहेका सङ्घ संस्था, नीजि क्षेत्र, स्थानीय स्तरमा रहेका स्वयंसेवी समूहशरु (क्लब, टोल विकास समिति, आमा समूह) आदिको भूमिकालाई आत्मसाथ गरिएको छ र पूर्ण रुपमा नयाँ संरचना भन्दा पनि विद्यमान संरचना तथा विगतका अभ्यासमा आधारित रहेको छ । यी विविध पक्षहरुलाई आत्मसाथ गरी अमरगढी नगरपालिकाका सरोकारवालाहरुसँग गहन छलफल गरी समग्र संस्थागत संरचना **चित्र नं ४** मा दर्शाइएको छ ।

**चित्र नं ४: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी नगरपालिका स्तरीय संरचना**



**विषयगत क्षेत्र र कार्यटोलीमा नगरपालिकाको प्रतिनिधित्व**

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक मस्यौदा २०७७) मा ९ वटा विषयगत क्षेत्रहरु व्यवस्था गरिएका छ । यसै गरी आपत्कालीन अवस्थामा क्रियाशील रहन नगरपालिकामा ७ वटा कार्यटोलीहरु प्रस्ताव गरिएको छ ।

स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र कार्यटोलीको जिम्मेवारी संक्षिप्त रुपमा **तालिका नं ५** मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५: कार्यटोली तथा कार्यटोलीको जिम्मेवारी**

| कार्यटोली | जिम्मेवारी |
|---|---|
| प्रमुख वा सम्पर्क व्यक्ति, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | सम्पूर्ण क्षेत्रहरू तथा कार्यटोलीको गठन तथा समन्वय र परिचालन, आपत्कालीन अवस्थामा सचिवालयको जिम्मेवारी । |
| प्राविधिक कार्यटोली | प्राविधिक जनशक्ति, मेसिन, डोजर, औजारहरुको प्रयोग र क्षति तथा लागत अनुमान तयारी गर्ने र आवश्यक प्राविधिक सहयोग । |
| खरिद कार्यटोली | खाद्य तथा गैह्र खाद्य साम्रगी खरिद व्यवस्थापन, नगद प्रवाह, यातायात, खरिद, इन्टरनेट, खोज उद्धार सामग्री भण्डारण, सञ्चार सामग्री व्यवस्थापन |
| सञ्चार कार्यटोली | विपद् अवस्थाको सञ्चार, मिडिया, पत्रपत्रिकालाई प्रेस रिलिज, बुलेटिन, विपद्को पुर्वचेतावनी सन्देश सञ्चार, सूचना व्यवस्थापन, सङ्कटासन्न र जोखिममा रहेका समूहलाई विशेष प्राथमिकता । |
| द्रुत प्रतिकार्य कार्यटोली | खोज उद्धार कार्यमा परिचालन, केन्द्रमा नियमित कर्मचारी व्यवस्थापन, सूचना र समन्वय, केन्द्रबाट दैनिक रुपमा विपद्को अवस्थाको विवरण सङ्कलन र सम्विन्धत निकायमा सञ्चार र समन्वय, जिल्लास्थित सुरक्षा निकायहरुसँग समन्वय । |
| आपत्कालीन खानेपानी तथा सरसरसफाई कार्यदल | अस्थायी शौचालय, खानेपानी आपूर्ति, निर्मलीकरण, सरसफाइ अभियान, सरसफाइ सामग्री व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सरसफाइ सामग्रीहरुको व्यवस्थापन, सङ्कटासन्न र जोखिममा रहेका समूहलाई विशेष प्राथमिकता, आदि । |
| स्वास्थ्य कार्यदल | स्वास्थ्य कर्मचारी व्यवस्थापन, खोप अभियान, नियमित स्वास्थ्य कार्यक्रम, सङ्कटासन्न र जोखिममा रहेका समूहलाई विशेष प्राथमिकता |
| बारुणयन्त्र कार्यदल | आगलागी नियन्त्रण |

नगरपालिकाका शाखाहरु अनुसार प्रतिनिधित्य हुने विषयगत क्षेत्र र कार्यटोलीहरु **तालिका नं ६** मा उल्लेख गरिएको छ ।

**तालिका नं ६: विषयगत क्षेत्र र कार्यटोलीमा नगरपालिकाका प्रतिनिधि शाखा**

| **शाखा** | **विषयगत क्षेत्र** | **कार्यटोली** |
|---|---|---|
| प्रशासन शाखा | • खोज तथा उद्धार | • द्रुत प्रतिकार्य टोली |
| आर्थिक प्रशासन शाखा | .... | • खरिद कार्यटोली |
| राजश्व शाखा | ... | • खरिद कार्यटोली |
| योजना तथा प्राविधिक शाखा | • सूचना, सञ्चार तथा समन्वय<br>• आपत्कालीन आवास तथा गैर खाद्य सामाग्री<br>• पुनर्स्थापन, पुननिर्माण तथा प्रबन्धगत<br>• खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन | • खानेपानी तथा सरसफाई कार्यटोली<br>• प्राविधिक कार्यटोली<br>• सञ्चार कार्यटोली<br>• बारुणयन्त्र कार्यटोली |
| सामाजिक विकास शाखा | • खाद्य सुरक्षा तथा जीविकोपार्जन<br>• आपत्कालीन शिक्षा<br>• संरक्षण<br>• स्वास्थ्य तथा पोषण | • स्वास्थ्य कार्यटोली |

### ६.२आपत्कालीन पूर्वतयारी सम्बन्धी कार्ययोजना

आपत्कालीन पूर्वतयारी कार्ययोजनामा नगरपालिकामा आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपहरुको विश्लेषण तथा नगरपालिकाको क्षमताको विश्लेषणलाई आधार मानी प्राथमिक क्रियाकलापहरु पहिचान गरिएका छन् । यी क्रियाकलापहरु नगरपालिकाले यस योजना स्वीकृत भएको पहिलो वर्षदेखि क्रमिक रुपमा कार्यान्वयन गर्दै जानेछ र अन्य सहयोगी निकायलाई पनि यस अन्तरगतका विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्न निर्देशन दिनेछ ।

यस कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुमध्ये पहिलो वर्ष सम्पन्न भएका क्रियाकलापको पुनरावलोकन गरी आगामी वर्ष यस कार्ययोजनालाई अद्यावधिक गरिनेछ । कतिपय क्रियाकलापहरु निरन्तर रुपमा कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ । कार्ययोजना **तालिका नं ७** मा उल्लेख गरिएको छ ।

**तालिका नं ७: आपत्कालीन पूर्वतयारी कार्ययोजना**

| **आपत्कालीन पूर्वतयारी सम्बन्धी मुख्य क्रियाकलाप** | **विस्तृत क्रियाकलापहरु** | **मुख्य जिम्मेवारी** | **सहयोगी जिम्मेवारी** |
|---|---|---|---|
| जनप्रतिनिधि तथा कर्मचारीहरुबीच आपत्कालीन अवस्था निम्त्याउने | प्रकोप, विपद् र आपत्कालीन अवस्था सम्बन्धी प्राविधिक ज्ञानको वारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई तालिम | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय |

| | | | |
|---|---|---|---|
| प्रकोप, प्रकोप लेखाजोखा र विपद् व्यवस्थापन एवं भूमिका माथि अभिमुखिकरण | | | तथा गैर सरकारी संस्था |
| | प्रकोप, विपद् र आपत्कालीन अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय, सङ्घीय, प्रादेशिक र नगरपालिका स्तरीय कानूनी तथा नीतिगत व्यवस्था माथि तालिम, गोष्ठी वा छलफल कार्यक्रम | योजना तथा प्राविधिक शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| | सिकाइको लागि नमूना स्थानीय तहको भ्रमण तथा अन्तरक्रिया कार्यक्रम | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| | विपद् क्षति सम्बन्धी द्रुत लेखाजोखा गर्ने प्रक्रियामाथि कार्यटोलीलाई तालिम | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, नेपाल रेडक्रस सोसाइटी, राष्ट्र सङ्घीय निकाय तथा गैर सरकारी संस्था |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नियमित तथ्याङ्क सङ्कलन | नगरमा भएका प्रकोप तथा विपद्का घटना र त्यसबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, प्राविधिक कार्यटोली, नेपाल रेडक्रस सोसाइटी र गैर सरकारी संस्था |
| | तथ्याङ्क सङ्कलन गर्दा सङ्कटासन्न तथा जोखिममा रहेका समूह अनुसारको खण्डिकृत विवरण तयारी | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, प्राविधिक कार्यटोली, नेपाल रेडक्रस सोसाइटी र गैर सरकारी संस्था |
| | प्रकोपको घटना सम्बन्धी विवरण जिल्ला, प्रदेश स्तरीय र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सम्प्रेषण | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखाएवं सञ्चार कार्यटोली |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपको नक्साङ्कन तथा पहुँचयोग्य प्रचार प्रसार | सबै वडाको प्रकोप नक्साङ्कन | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | सुपर परियोजना/ राष्ट्र सङ्घीय विकास कार्यक्रम |
| | प्रकोप नक्साङ्कन सम्बन्धी | स्थानीय | अपाङ्गता भएका व्यक्तिका संस्था, |

| | | | |
|---|---|---|---|
| | पहुँचयोग्य सामाग्री तयारी | आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, महिला विकास शाखा, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | प्रकोप नक्साको वडा तथा समुदाय स्तरमा प्रचार प्रसार ( सार्वजनिक स्थानमा बोर्ड समेत) | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, सञ्चार कार्यटोली, नगर प्रहरी, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| | प्रकोप नक्साको वारेमा सङकटासन्न तथा जोखिममा रहेका समूहबीच पहुँचयोग्य प्रचार प्रसार | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| प्रकोप पात्रो अनुसार आपत्कालीन पूर्वतयारी सम्बन्धी पहुँचयोग्य सन्देशहरुको प्रचार प्रसार तथा जनचेतना कार्यक्रम | आपत्कालीन अवस्थामा पहुँचयोग्य सञ्चार सम्बन्धी निर्देशिका वा मार्गदर्शनको तयारी | योजना तथा प्राविधिक शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र सञ्चार कार्यटोली |
| | सबै प्रकोपहरुको जोखिम र त्यसबाट बच्न आवश्यक पूर्वतयारीको वारेमा सन्देशहरुको तयारी | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, सञ्चार कार्यटोली, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | तयार गरिएका सन्देशहरु पहुँचयोग्य भएको सुनिश्चितता गर्ने कार्य | सामाजिक विकास शाखा | महिला विकास शाखा एवं अपाङ्गता भएका व्यक्तिका संस्था |
| | रेडियो, सडक नाटक, सामुदायिक छलफल जस्ता विधिबाट सन्देशहरुको सम्प्रेषण | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी एवं स्वयंसेवी संस्थाहरु |
| | समुदाय स्तरमा आपत्कालीन अवस्था निम्त्याउने प्रकोपहरुको वारेमा जनचेतना कार्यक्रम | वडा स्तरीय विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र टोल विकास समिति |
| | सङ्कटासन्न तथा जोखिममा रहेका समूहहरुलाई पहुँचयोग्य विधि मार्फत् जनचेतना | वडा स्तरीय विपद् व्यवस्थापन | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, सञ्चार कार्यटोली, |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | समिति | गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र सङ्कटासन्न समूहका संस्थाहरु |
| मौसम पूर्वानुमान सम्बन्धी सूचनाको पहुँच तथा प्रचार प्रसार | मौसम पूवार्नुमान सम्बन्धी विवरण समुदाय स्तरमा प्रचार प्रसार | वडा स्तरीय विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, सञ्चार कार्यटोली, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी र टोल विकास समिति |
| | सङ्कटासन्न तथा जोखिममा रहेका व्यक्तिहरुलाई मौसम पूवार्नुमान सम्बन्धी जानाकारीको पहुँच बृद्धि | टोल विकास समिति | वडा स्तरीय विपद् व्यवस्थापन समिति, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| आपत्कालनि अवस्थामा संरक्षण सम्बन्धी कार्यहरु | आपत्कालीन अवस्थामा संरक्षणलाई अन्तरविषयक प्राथमिकता निर्धारण गर्ने सम्बन्धी निर्देशिका तथा रुजु सूची तयारी र कार्यटोलीहरुलाई तत् सम्बन्धी तालिम | सामाजिक विकास शाखा | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, द्रुत प्रतिकार्य कार्यटोली, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| स्वयंसेवक परिचालन तथा स्वयंसेवी संस्थाको क्षमता अभिवृद्धि | विपद् व्यवस्थापन स्वयंसेवक परिचालन व्यूरो गठन तथा परिचालन सम्बन्धी निर्देशिकाको स्वीकृति तथा कार्यान्वयन | कार्यपालिका र नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखार आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | समावेशी प्रकृतिबाट स्वयंसेवकहरुको छनौट एवं परिचय पत्र, सुरक्षित कपडा तथा सामाग्री वितरण | योजना तथा प्राविधिक शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | स्वयंसेवकहरुलाई आपत्कालीन अवस्थाको लेखाजोखा, आगलागी नियन्त्रण, खोज तथा उद्धार, प्राथमिक उपचार जस्ता विषयमा तालिम | योजना तथा प्राविधिक शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, प्राविधिक कार्यटोली, बारुणयन्त्र कार्यटोली, नगर प्रहरी र सुरक्षा निकाय |
| | स्वयंसेवकहरुको बीमा | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, सामाजिक विकास शाखा र प्रशासन शाखा |
| प्रकोप, विपद् तथा आपत्कालीन अवस्थासँग | भएका ऐन, कार्यविधि तथा मापदण्डको कार्यान्वयन | कार्यपालिका र नगर विपद् | योजना तथा प्राविधिक शाखा, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, कार्यटोलीहरु, |

| | | | |
|---|---|---|---|
| सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | | व्यवस्थापन समिति | विषयगत शाखा, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | नभएका नीति तथा योजनाहरु जस्तै खोज तथा उद्धार सम्बन्धी मार्गदर्शन, आपत्कालीन अवस्थामा भग्नावशेष व्यवस्थापन निर्देशिका, जोखिम सम्वेदनशील भू-उपयोग योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना आदिको तयारी तथा कार्यान्वयन | कार्यपालिका र नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा कानून समिति, आपत्कालीन कार्य सञ्चालन केन्द्र, कार्यटोलीहरु, विषयगत शाखा, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| आपत्कालीन अवस्थाको व्यवस्थापनसँग सम्बन्धित आवश्यक समितिहरुको गठन तथा परिचालन | नगर विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको कम्तिमा पनि त्रैमासिक रुपमा बैठक सञ्चालन तथा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यक निर्णय तथा योजना | नगर विपद् व्यवस्थापन समिति | वडा स्तरीय विपद् व्यवस्थापन समिति, योजना तथा प्राविधिक शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| वार्षिक नीति तथा कार्यक्रममा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यक्रम र वजेट व्यवस्था | आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन | कार्यपालिका एवं नगर विपद् व्यवस्थापन समिति | वडा स्तरीय विपद् व्यवस्थापन समिति, योजना तथा प्राविधिक शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, शहरी विकास तथा पूर्वाधार शाखा |
| विषयगत शाखा तथासघन सेवा प्रदायकहरुमा विपद् व्यवस्थापन सम्बन्धी जिम्मेवारीहरुको स्पष्टता | कार्यटोलीको गठन तथा काम सम्बन्धी तालिम | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र, विषयगत शाखाहरु |
| | विषयगत क्षेत्रको अवधारणा तथा मानवीय समन्वय सम्बन्धी तालिम | विपद् व्यवस्थापन शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था र नेपाल रेडक्रस सोसाइटी |
| | अस्पताल तथा विद्यालयमा विपद् व्यवस्थापन समितिको गठन र तालिम | योजना तथा प्राविधिक शाखा | सामाजिक विकास शाखा,स्वास्थ्य कार्यटोलीर आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | आपत्कालीन अवस्थामा शिक्षाको निरन्तरता सम्बन्धी मार्गदर्शन | योजना तथा प्राविधिक शाखा | सामाजिक विकास शाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |

| | | | |
|---|---|---|---|
| राहत तथा तत् पश्चात्का मानवीय कार्यमा नीजि क्षेत्र तथा गैर सरकारी संस्थाको परिचालन | राहत सामाग्री सम्बन्धी स्थानीय वजारको अवस्था माथि त्रैमासिक रुपमा विवरण सङ्कलन तथा विश्लेषण | नगर विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति, उद्योग वाणिज्य सङ्घ,योजना तथा प्राविधिक शाखा, प्रशासन शाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | नीजि क्षेत्रसँग आपत्कालीन राहत व्यवस्थापन एवं बन्दोबस्ती सम्बन्धी छलफल तथा सहमति पत्रमा हस्ताक्षर | नगर विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति, उद्योग वाणिज्य सङ्घ, विपद् व्यवस्थापन शाखा, प्रशासन शाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | आपत्कालीन अवस्थामा गैर सरकारी संस्थाको परिचालन र भूमिका माथि छलफल कार्यक्रम | नगर विपद् व्यवस्थापन समिति | गैर सरकारी संस्था, राष्ट्र सङ्घीय निकाय,योजना तथा प्राविधिक शाखा, प्रशासन शाखा र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| आपत्कालीन खरिद सम्बन्धी व्यवस्था | आपत्कालीन प्रतिकार्यको लागि द्रुत खरिद सम्बन्धी व्यवस्था | कार्यपालिका | नगर विपद् व्यवस्थापन समिति, योजना, वजेट तथा सूचना प्रविधि शाखा, खरिद कार्यटोली |
| सघन सेवा प्रदायक निकाय तथा संरचनामा सबलीकरण तथा पूर्वतयारी | विद्यालय, अस्पताल, सामुदायिक भवन, सरकारी सेवा कार्यालयहरुको जोखिम विश्लेषण | योजना तथा प्राविधिक शाखा | विद्यालय, अस्पताल |
| | जोखिम विश्लेषणको आधारमा भवनहरुमा सबलीकरण कार्य | योजना तथा प्राविधिक शाखा | विद्यालय, अस्पताल, वडा तथा नगरपालिका कार्यालय |
| | दमकल जान नसक्ने स्थानमा फायर हाइड्रेन्टको व्यवस्था | योजना तथा प्राविधिक शाखा | बारुणयन्त्र कार्यटोली |
| | सघन सेवा प्रदायकको भवनमा धुवाँको सङ्केत गर्ने र आगलागी सम्बन्धी जनाऊ दिने उपकरण जडान | योजना तथा प्राविधिक शाखा | आपत्कालनि कार्य स१चानल केन्द्र |
| | चट्याङ्गबाट हुने जोखिम नियन्त्रण गर्न भीडभाड हुने क्षेत्रमा एरेस्टरको व्यवस्था | योजना तथा प्राविधिक शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम | योजना तथा प्राविधिक शाखा | उद्योग वाणिज्य सङ्घ, निर्माण व्यवसायी सङ्घ र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | भवन निर्माण तथा सबलीकरण कार्यमा ज्येष्ठ नागरिक, | योजना तथा प्राविधिक | सामाजिक विकास शाखा |

| | | | |
|---|---|---|---|
| | गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको पहुँच सम्बन्धी सुनिश्चितता | शाखा | |
| | मनसुन पूर्व नै ढल तथा पानी बग्ने स्थानहरुको सफाइ | योजना तथा प्राविधिक शाखा | आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | सडकमा सुरक्षा सुनिश्चित गर्ने गरी बत्तिको व्यवस्था र सडक सुरक्षा सम्बन्धी जनचेतना एवं गती सिमिति गर्ने संरचनाको व्यवस्था | आपत्कालीन कार्य सञ्चालन केन्द्र | नेपाल विद्युत प्राधिकरण, ट्राफिक प्रहरी र नगर प्रहरी |
| आपत्कालीन अवस्था निम्त्याउन सक्ने प्रकोपसँग सम्बन्धित सरोकारवालाहरुको लगानी बृद्धि | निजी क्षेत्रका एम्बुलेन्सलाई परिचालन गर्ने सम्बन्धी सहमती | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, एम्बुलेन्स सेवा प्रदायकहरु |
| | आगलागी नियन्त्रणको लागि आवश्यक दमकलको व्यवस्था एवं तालिमको व्यवस्था गर्ने सम्बन्धी छलफल | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, बारुण यन्त्र कार्यटोली, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| पूर्वानुमानका आधारमा अग्रिम रुपमा राहत व्यवस्था | जल तथा मौसम विज्ञान विभागले उपलब्ध गराएको मौसम पूर्वानुमान अनुसार समुदायलाई सम्भावित प्रकोपको वारेमा जानाकारी | योजना तथा प्राविधिक शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, गैर सरकारी संस्था, वडा स्तरीय विपद् व्यवस्थापन समिति र स्वयंसेवी समूहहरु |
| जोखिम हस्तान्तरण | बाली बीमा, पशु बीमा, घर (भवन) बीमा र व्यवसाय बीमा सम्बन्धी नीतिगत निर्णय तथा कार्यान्वयन | योजना तथा प्राविधिक शाखा | बीमा कम्पनी, उद्योग वाणिज्य सङ्घ र सामाजिक विकास शाखा |
| | बीमा सम्बन्धी जनचेतना कार्यक्रम | योजना तथा प्राविधिक शाखा | बीमा कम्पनी, उद्योग वाणिज्य सङ्घ |
| | बीमा सम्बन्धी चूनौतिहरुको वारेमा छलफल | योजना तथा प्राविधिक शाखा | बीमा कम्पनी र उद्योग वाणिज्य सङ्घ |
| आपत्कालीन भण्डारण | राहत समाग्री भण्डारण कक्षको निर्माण | नगर विपद् व्यवस्थापन समिति | योजना तथा प्राविधिक शाखा, आर्थिक प्रशासन शाखा र खरिद कार्यटोली |
| पहुँचयोग्य निर्माण | अपाङ्गता मैत्री संरचनाहरुको निर्माण | योजना तथा प्राविधिक शाखा | सामाजिक विकास शाखा |

| | | | |
|---|---|---|---|
| | गोपनियता तथा सुरक्षा सम्वेदनशील संरचना निर्माण | योजना तथा प्राविधिक शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र सामाजिक विकास शाखा |
| खुल्ला स्थानको छनौट, आपत्कालीन सेवा सम्बन्धी लगानी र तत् सम्बन्धी पूर्वतयारी | प्रारम्भिक रुपमा छनौट गरिएका खुल्ला क्षेत्रको पुनरावलोकन तथा अन्तिम सूची प्रकाशन तथा प्रचार प्रसार | योजना तथा प्राविधिक शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | खुल्ला स्थानमा आपत्कालीन अवस्थाको लागि खानेपानी, शौचालय जस्ता आवश्यक संरचना निर्माण सम्बन्धी निर्णय तथा कार्यान्वयन | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | सुरक्षित स्थानमा पुग्न सुरक्षित तथा पहुँचयोग्य मार्गको पहिचान | योजना तथा प्राविधिक शाखा | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिको खण्डिकृत सूची | लिङ्ग, उमेर, अपाङ्गता, यौनिक अवस्था तथा आवश्यक मानिएका अन्य पक्षहरुलाई लिएर खण्डीकृत विवरण तयारी | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | नगर विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, योजना तथा प्राविधिक शाखा र सामाजिक विकास शाखा |
| राहत वितरण मापदण्ड तर्जुमा | सङ्घीय तथा प्रादेशिक व्यवस्था वाहेक नगरपालिकाले दिने राहत सम्बन्धी निर्णय | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति | नगर विपद् व्यवस्थापन समिति, योजना तथा प्राविधिक शाखार वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| | राहत वितरणको लागि लाभान्वित वर्गको छनौट आधार सम्बन्धी निर्णय | नगर विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति र आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| आपत्कालीन अवस्थामा संपर्क गर्ने निकाय सम्बन्धी विवरण | आपत्कालीन अवस्थामा प्रयोग हुने सम्पर्क नम्वरको सूची | आपत्कालीन कार्य सञ्चालन केन्द्र | योजना तथा प्राविधिक शाखा |
| | आपत्कालीन अवस्थामा गोपनियता तथा संरक्षण सम्बन्धी व्यवस्था | सामाजिक विकास शाखा | योजना तथा प्राविधिक शाखा, आपत्कालीन कार्य सञ्चालन केन्द्र |

### ६.३ आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यविधि

आपत्कालीन प्रतिकार्य कार्यविधि निम्नानुसारका अवस्थालाई आधार मानी तय गरिएको छ ।

- कुनै पनि विपद्बाट बृहत भौगोकि क्षेत्रमा र उल्लेख्य संख्यामा भएको अवस्थामा
- स्थानीय श्रोतले आपत्कालीन व्यवस्थापन गर्न नसकेको अवस्थामा
- प्राविधिक रुपमा बाह्य सहयोग आवश्यक परेमा
- खोज तथा उद्धारको लागि सुरक्षा निकायको सहभागिता आवश्यक भएमा

समग्र कार्यविधि **तालिका नं ८** मा दिइएको छ ।

**तालिका नं ८: आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यविधि**

| आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यविधि | जिम्मेवार निकाय, व्यक्ति तथा सरोकारवाला | समयसीमा |
|---|---|---|
| जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष (प्रमुख जिल्ला अधिकारी) र जिल्ला समन्वय समितिको प्रमुखसँग एवं सङ्घीय र प्रादेशिक विभागीय निकाय (राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समित)सँग समन्वय गरी आत्कालीन अवस्था घोषणा गर्ने वा नियमित रुपमा प्रतिकार्य गर्ने | संयोजक, नगर विपद् व्यवस्थापन समिति | ० देखि १२ घण्टा |
| नगर विपद् व्यवस्थापन समिति र विषयगत समितिका सदस्य एवं विपद् व्यवस्थापन शाखा, र आपत्कालीन कार्य सञ्चालन केन्द्रका कर्मचारीसँग बैठक बसी आपत्कालीन व्यवस्थापनलाई तत्काल मार्गदर्शन दिने | संयोजक, नगर विपद् व्यवस्थापन समिति | ० देखि १२ घण्टा |
| वडा स्तरीय विपद् व्यवस्थापन समिति मार्फत् स्थानीय तालिम प्राप्त स्वयंसेवी समुहहरुलाई प्रारम्भिक खोज तथा उद्धार एवं प्राथमिक उपचारको लागि निर्देशन दिने | संयोजक, नगर विपद् व्यवस्थापन समिति र संयोजक, वडा स्तरीय विपद् व्यवस्थापन समिति | ० देखि १२ घण्टा |
| नगरपालिकाको नगर प्रहरी, बारुण यन्त्र वा दमकल तथा विद्यमान एम्बुलेन्स प्रदायकहरुसँग समन्वय गरी आपत्कालीन अवस्था भएको स्थानमा यी निकायहरुलाई परिचालित हुने निर्देशन दिने | संयोजक, नगर विपद् व्यवस्थापन समिति, द्रुत प्रतिकार्य टोली र बारुण यन्त्र कार्यटोली | ० देखि १२ घण्टा |
| जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा सुरक्षा निकायको समन्वयमा आवश्यकता अनुसार सुरक्षा निकायका कर्मचारीलाई खोज तथा उद्धार कार्यमा र रेडक्रस र स्वास्थ सम्बन्धी निकायलाई प्राथमिक उपचारको लागि परिचालन गर्ने | संयोजक, नगर विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समिति एवं द्रूत प्रतिकार्य कार्यटोली | ० देखि १२ घण्टा |
| नेपाल प्रहरी, रेडक्रस र तालिम प्राप्त स्वयंसेवकलाई आपत्कालीन अवस्थाको प्रारम्भिक द्रुत लेखाजोखा गर्न परिचालन गर्ने र दातृ निकाय वा क्रियाशील गैरसरकारी संस्थालाई यस लेखाजोखा गर्ने | संयोजक, नगर विपद् व्यवस्थापन समिति | ० देखि २४ घण्टा |

| | | |
|---|---|---|
| कार्यमा सहयोग गर्न आव्हान गर्ने | | |
| प्रारम्भिक द्रुत सर्वेक्षणको नतिजा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आप्तकालीन कार्य सञ्चालन केन्द्र र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा उपलब्ध गराउने | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | २४ देखि ४८ घण्टा |
| नगरपालिकामा गठन भएको राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको बैठक बसी राहतको लागि मार्गदर्शन दिने | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति | २४ देखि ४८ घण्टा |
| तत्कालिन रुपमा राहत उपलब्ध गराउन नगरपालिकाले निर्णय गर्ने र सो अनुसार प्रारम्भिक राहत उपलब्ध गराउने | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति संयोजक ( अध्यक्ष, नगर विपद् व्यवस्थापन समिति) | २४ देखि ४८ घण्टा |
| नगरपालिकाको क्षमता अनुसार प्रभावितहरुलाई राहत वितरण गर्न नसकिएको अवस्थामा तत्कालिन रुपमा राहत उपलब्ध गराउन रेडक्रस, नीजि क्षेत्र र गैर सरकारी संस्थाहरुलाई आग्रह गर्ने | राहत व्यवस्थापन तथा वितरण समन्वय समिति संयोजक ( अध्यक्ष, नगर विपद् व्यवस्थापन समिति) | २४ देखि ४८ घण्टा |
| नगर विपद् व्यवस्थापन समिति र राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको निर्देशनमा राहत वितरण सम्बन्धी समन्वयको लागि नगरपालिका रहेका सरोकारवालाहरुसँग समन्वय बैठकहरु सञ्चालन गर्ने | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | २४ देखि ४८ घण्टा र निरन्तर रुपमा |
| तोकिएको जिम्मेवारी अनुसार नगरपालिकाका शाखाका प्रमुख वा प्रतिनिधी विषयगत क्षेत्रको छलफल तथा योजना प्रक्रियामा भाग लिने र आवश्यकताहरुको वारेमा जानाकारी उपलब्ध गराउने | विषयगत शाखाका प्रमुख वा तोकिएको प्रतिनिधि | २४ घण्टा देखि निरन्तर रुपमा |
| आपत्कालीन अवस्थाको वारेमा आपत्कालीन कार्यसञ्चलान केन्द्र तथा विषयगत क्षेत्रसँग सूचना सङ्कलन गरी जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, प्रदेश विपद् व्यवस्थापन समिति र केन्द्रिय विपद् व्यवस्थापन समितिलाई जानाकारी दिने | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र विषयगत शाखाका प्रमुख वा तोकिएका प्रतिनिधि | २४ घण्टा देखि निरन्तर रुपमा |
| दैनिक वा आवश्यकता अनुसार आपत्कालीन प्रतिकार्यमा सहभागी विषयगत क्षेत्र तथा सरोकारवालाहरुसँग बैठक सञ्चालन गर्ने | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र विषयगत शाखाका प्रमुख वा तोकिएका प्रतिनिधि | २४ घण्टा देखि निरन्तर रुपमा |
| घाइतेहरुको उपचारको लागि स्वास्थ्य निकायसँगको समन्वयमा विशिष्ट अस्पतालमा रिफर गर्ने र सो को लागि राहत व्यवस्थापन गर्ने | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र र सो सम्बन्धी शाखाका प्रमुख वा प्रतिनिधि | २४ घण्टा देखि निरन्तर रुपमा |
| आपत्कालीन अवस्थामा विस्थापितहरुको विवरण दर्ता गर्ने र लगत अद्यावधिक राख्ने | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, विषयगत शाखाका प्रमुख वा तोकिएका प्रतिनिधि र सञ्चार कार्यटोली | ४८ घण्टा देखि निरन्तर रुपमा |
| जोखिममा रहेका समूहको संरक्षण, पोषणयुक्त खानाको व्यवस्था, गर्भवती तथा स्तनपान गराउने महिलाको हेरचाह, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दिर्घरोगी, एवं वालवालिकाको विशेष संरक्षण सेवाहरु कायम गर्ने | संरक्षण विषयगत क्षेत्र र सो सम्बन्धी शाखा प्रमुख वा तोकिएका प्रतिनिधि | २४ घण्टा देखि निरन्तर रुपमा |

| | | |
|---|---|---|
| मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श कार्यहरु सञ्चालन गर्ने | संरक्षण विषयगत क्षेत्र र सो सम्बन्धी शाखा प्रमुख वा तोकिएका प्रतिनिधि | ७२ घण्टा देखि निरन्तर रुपमा |
| आपत्कालीन आश्रयस्थल निर्माण गरी विस्थापितहरुलाई व्यवस्थित रुपमा राख्ने | आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र र सो सम्बन्धी शाखा प्रमुख वा प्रतिनिधि एवं प्राविधिक कार्यटोली | ७२ घण्टा देखि |
| आपत्कालीन अवस्थामा विस्थापितहरु रहेका स्थानहरुमा खानेपानी, सरसफाइ तथा आश्रयस्थल निर्माणको लागि नगरपालिकाका निकाय, रेडक्रस, गैर सरकारी संस्था र अन्य मानवीय स्वयंसेवी संस्थासँग समन्वय गरी सेवा सुविधा उपलब्ध गराउने | आपत्कालीन आश्रयस्थल, खानेपानी तथा सरसफाइ विषयगत क्षेत्रहरु र सो सम्बन्धी शाखा प्रमुख वा तोकिएका प्रतिनिधि एवं स्वास्थ्य र खानेपानी तथा सरसफाइ कार्यटोली | ९६ घण्टा देखि |
| विस्थातिहरु रहेको स्थानमा संरक्षण तथा जोखिम सम्बन्धी जनचेतनामूलक कार्यहरु सञ्चालन गर्ने र सम्भावित हिंसा, वेचविखन, बालश्रम, आदिको अनुगमन गर्ने | संरक्षण सम्बन्धी विषयगत क्षेत्र र सो सम्बन्धी शाखा प्रमुख वा तोकिएका प्रतिनिधि | ९६ घण्टा देखि |
| विषयगत क्षेत्र अनुसारको राहत वितरण कार्यको समन्वय गर्ने | विषयगत क्षेत्र, खरिद कार्यटोली, स्वास्थ्य कार्यटोली एवं स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | ९६ घण्टा देखि निरन्तर रुपमा - आवश्यक भएको समयसम्म |
| खोज तथा उद्धार टोलीको समन्वयमा खोज तथा उद्धार कार्यबाट थप मानवीय क्षति न्यून गर्न नसकिने आधारमा छलफल गरी खोज तथा उद्धार कार्यको अन्त्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति संयोजक, सुरक्षा निकाय तथा नगर विपद् व्यवस्थापन समितिका संयोजक | परिस्थिति अनुसार |

## खण्ड ७: योजना कार्यान्वयन तथा मुल्याङ्कन एवं योजना अद्यावधिककार्य

### ७.१ योजना कार्यान्वयन तथा मुल्याँकन

यस योजना कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी नगर विपद् व्यवस्थापन समितिका संयोजक वा नगरपालिकाको प्रमुख र विपद् व्यवस्थापन हेर्ने शाखा एवं त्यस अन्तरगतको स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको हुनेछ ।

यस योजना कार्यान्वयन गर्न प्रत्येक वर्ष आवश्यक रकमको विनियोजन गरिनेछ । आपत्कालीन कोषको परिचालन र वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएको श्रोत अनुसार योजनालाई कार्यान्वयन गरिने छ ।

मानवीय सङ्घ संस्था, गैर सरकारी निकाय, रेडक्रस, र नीजि क्षेत्रका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवं आपत्कालीन व्यवस्थापन सम्बन्धी परियोजनाहरुलाई यस योजनामा समावेश भएका क्रियाकलापहरुलाई कार्यान्वयन गर्न निर्देशन दिइनेछ ।

अनुगमन तथा  मुल्याङ्कन गर्ने क्रममा निम्नानुसारका पक्षहरुलाई ध्यान दिइने छ ।

- श्रोतको विनियोजन तथा परिचालन
- योजना कार्यान्वयनबाट भएका प्रतिफल तथा जोखिमको न्यूनीकरण
- सहयोगी निकायको भूमिका
- कार्ययोजनाको प्रगति तथा बाधा अवरोधहरु
- सम्पन्न भएका कार्यहरुको पुनरावलोकन र सिकाई
- आगामी वर्षहरुमा ध्यान दिनुपर्ने क्षेत्र तथा विषयहरु
- सङ्कटासन्न र जोखिममा रहेका व्यक्तिहरुको पूर्वतयारी तथा प्रतिकार्यमा समावेशीकरण

### ७.२ योजनाको अद्यावधिक कार्य

अमरगढी नगरपालिकामा आपत्कालीन समयमा सम्पादन गरिने क्रियाकलाप तथा जिम्मेवारीहरु तोकिएको यस आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समय सान्दर्भिक बनाउन तथा समय अनुसार श्रोत साधनमा हुने परिवर्तन अनुसारको योजना बनाइराख्न यस योजनालाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ । यसको नेतृत्व यस योजना कार्यान्वयनको जिम्मेवारी भएको विपद् व्यवस्थापन हेर्ने शाखा र त्यस अन्तरगत रहेको आपत्कालीन कार्यसञ्चालन केन्द्रले गर्नेछ । निम्नानुसार यस योजनाको अद्यावधिक गर्ने कार्य गरिनेछ ।

- खण्ड १ मा नगरपालिकामा भएको जनसङ्ख्या सम्बन्धी विवरण अद्यावधिक गरिने छ ।
- खण्ड २ मा सङ्घीय, प्रादेशिक तथा स्थानीय रुपमा तर्जुमा गरिएका थप कानूनी तथा नीतिगत प्रयासहरुलाई अद्यावधिक गरिने छ ।

- खण्ड ३ मा विभिन्न सरोकारवालाहरुको सुझावलाई आधार मानी समग्र योजनामा भएको विषयवस्तु परिवर्तनलाई निरन्तर रुपमा समावेश गरिनेछ ।
- खण्ड ४ मा नगरपालिका क्षेत्रमा परिवर्तन भएको प्रकोप, विपद् तथा आपत्कालीन अवस्थालाई विश्लेषण गर्दै विश्लेषणबाट प्राप्त नतिजालाई अद्यावधिक गरिने छ ।
- आपत्कालीन पूर्वतयारीको प्रगति तथा थप आवश्यक कार्यहरुको पुनरावलोकन गरी यस सम्बन्धी विवरण खण्ड ५ मा समावेश गरिने छ ।
- खण्ड ६ मा यस योजना कार्यान्वयन गर्ने क्रममा भएका सिकाइलाई आधार मानी संस्थागत संरचना तथा जिम्मेवारीहरु समायोजन गरिनेछ ।
- खण्ड ७ मा पनि योजना कार्यान्वयनबाट प्राप्त अनुभवलाई आधार मानी आवश्यक परिवर्तन गरिनेछ ।

अमरगढी नगरपालिकाले आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई नियमित रुपमा अद्यावधिक गरिने व्यवाहारिक तथा क्रियाशील दस्तावेजको रुपमा लिनेछ । यसलाई कार्यान्वयन गर्न नगरपालिकाले पुर्ण नेतृत्व प्रदान गर्नेछ । यसलाई अझ प्रभावकारी तथा व्यवहारिक बनाउनको लागि नियमित रुपमायोजना माथि छलफल, कृतिम अभ्यास र विभिन्न सरोकारवालाहरुको पृष्ठपोषण, राय तथा सुझाव निरन्तर रुपमा लिइनेछ ।

नगरपालिका आफ्नो श्रोतले भ्याएसम्म यस योजना कार्यान्वयनको लागि प्रतिबद्ध रहनेछ । यसका साथै यसको कार्यान्वयनको लागि नगरपालिका तथा जिल्ला तहमा रहेको सङ्घ संस्थाको सहयोग प्रति पनि कृतज्ञ हुनेछ ।